# पञ्चेश्वर गाउँपालिका

## नीति तथा कार्यक्रम

## आ.व. २०८३/०८४

पारित मिति: २०८३।०३।१०

पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल

## पञ्चेश्वर गाउँपालिकाको उन्नाइसौँ गाउँ सभामा उपाध्यक्ष श्री बिना भट्ट ज्यूद्वारा प्रस्तुत आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम:

गाउँपालिका अध्यक्ष ज्यू,
कार्यपालिका सदस्य ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँ सभा सदस्य ज्यू,
बुद्धिजीवि वर्ग,
पत्रकार ज्यूहरु,
सुरक्षा कर्मी ज्यूहरु,
गाउँपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी ज्यूहरु ।

**एउटै लक्ष्य, एउटै स्वर ।**
**सुखी जनता, समृद्ध पञ्चेश्वर ।।**

भन्ने दीर्घकालीन सोचका साथ पञ्चेश्वर गाउँपालिकाको गाउँसभाको उन्नाइसौँ अधिवेशनमा उपस्थित सबैलाई हार्दिक स्वागत गर्दछु ।

सर्वप्रथम राष्ट्रहित लोकतन्त्र र समाजको अग्रगामी परिवर्तनका लागि भएका ऐतिहासिक जनआन्दोलन महान संघर्षमा गरेको त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै अधिकार प्राप्तिका लागि भएका विभिन्न आन्दोलन र संघर्षका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते तथा बेपत्ता र पीडित नागरिकहरू प्रति उच्च सम्मान प्रकट गर्दै राष्ट्र निर्माणमा योगदान पुर्‍याउने सम्पूर्ण देशभक्त नागरिकहरू प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।

नेपालको संविधान बमोजिम राज्य पुनर्संरचना पश्चात् स्थानीय तहको दोश्रो कार्यकालको पहिलो आर्थिक वर्ष २०७९/०८०, दोस्रो आर्थिक वर्ष २०८०/०८१, तेस्रो आर्थिक वर्ष २०८१/०८२ र चौथो आर्थिक बर्ष २०८२/०८३ मा तय गरिएका नीति तथा कार्यकम पर्याप्त स्रोत र साधनको अभावका कारण पूर्णरुपमा कार्यान्वयन गर्न नसकिएको अवस्था रह्यो । सुन्दर, समुन्नत, सभ्य र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो दृढ संकल्प र गाउँपालिका बासीको समृद्धिको चाहना पूरा गर्ने दिशामा आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यकमलाई मार्ग निर्देशकका रूपमा प्रस्तुत गरिएको छ ।

यसका लागि दिगो विकासका राष्ट्रिय लक्ष्यहरूको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु अनुकूलन, दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी पञ्चेश्वर बासी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारीमा विकासका गतिविधि सञ्चालन गरिनेछ । गाउँपालिकालाई सुशासन, दिगो स्थानीय विकास र सेवा प्रवाहका क्षेत्रमा उत्कृष्ट बनाउन स्थानीय



...रख बहादुर चन्द
...यक्ष
...पालिका

पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी
सुदुरपश्चिम प्रदेश नेपाल

शासन कार्य सम्पादन मूल्याङ्कन प्रणालीमा उत्कृष्टता हासिल गर्दै गाउँपालिकाको बेरुजू र वित्तीय अनियमिततालाई शून्यमा झारी पञ्चेश्वरवासीलाई आत्मनिर्भर र सम्पन्न बनाउने, सुकुम्बासी तथा अव्यवस्थित बसोवासीहरूको व्यवस्थापन मार्फत गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध स्थानीय विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रूपमा लिएको छ।

सेवा प्रवाहमा सुशासन र पारदर्शिता कायम गर्दै समृद्धि हासिल गर्ने लक्ष्य तय गर्दा हाम्रा सामु थुप्रै अवसरका साथै चुनौतीहरू पनि विद्यमान रहेका छन्। विभिन्न चुनौतीका बावजुत नेपालको संविधान अन्तर्राष्ट्रिय प्रतिवद्धता दिगो विकास लक्ष्य, नेपाल सरकारको नीति तथा कार्यकम, सुदुरपश्चिम प्रदेश सरकारको नीति तथा कार्यक्रम, हालसम्म प्राप्त उपलब्धि तथा अनुभव स्रोत साधनको उपलब्धता, पञ्चेश्वरवासीको माग र आवश्यकतालाई ध्यानमा राखी प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्दै दिगो स्थानीय विकास र समृद्धिको यात्रा तय गर्ने गरी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तयार पारिएको छ।

यस बार्षिक नीति तथा कार्यक्रम निर्माणमा आफ्नो रचनात्मक सुझाव सल्लाह दिनु हुने जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिकाका विषयगत समितिका पदाधिकारीहरु, राजनैतिक दलका प्रतिनिधिहरु, नागरिक समाजका अगुवाहरु, राष्ट्रसेवक कर्मचारीहरु, बुद्धिजीवि, संघ सस्थाका प्रतिनिधिहरु, समाज रुपान्तरणमा अहम भूमिका निर्वाह गर्नु हुने सरोकारवाला र आम पञ्चेश्वर बासी नागरिकहरुमा हार्दिक आभार प्रकट गर्दछु। अब म अगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम क्षेत्रगत रुपमा सम्मानित गाउँ सभामा पेश गर्ने अनुमति चाहन्छु।

## आर्थिक विकास सम्बन्धी नीतिः

### कृषि तथा पशुः

१. **खाद्य सुरक्षा, उन्नत बीउबिजन वितरण र दिगो कृषि विकासः** गाउँपालिकालाई खाद्यान्न बालीमा आत्मनिर्भर बनाउन सम्पूर्ण किसानहरूलाई समयमै उच्च गुणस्तरको उन्नत जातको बीउबिजन अनुदानमा उपलब्ध गराइनेछ र बालीमा देखिने रोग कीराको निराकरण गरिनेछ। वास्तविक कृषक पहिचानका लागि **'किसान सूचीकरण'** लाई नियमित र व्यवस्थित बनाउँदै कृषकहरूलाई आकर्षित गर्न तालिम, भ्रमण, कृषक पाठशाला र सम्मान कार्यक्रम सञ्चालन गरिनेछ। साथै, खाली रहेका बाँझो जग्गामा फलफूल खेती तथा वृक्षारोपण गर्न प्रेरित गर्दै जग्गा बाँझो राख्ने प्रवृत्तिलाई पूर्ण रूपमा निरुत्साहित गरिनेछ।

२. **कृषिमा आधुनिकीकरण, यान्त्रीकीकरण र प्लास्टिक घर खेतीमा अनुदान विस्तारः** कृषि क्षेत्रको उत्पादकत्व बढाउन, श्रम घटाउन र परम्परागत खेती प्रणालीलाई व्यावसायिक बनाउन आवश्यक पर्ने आधुनिक कृषि उपकरणहरूमा अनुदानको व्यवस्था गरिनेछ। सिँचाइ सुविधाको उचित व्यवस्थापन गर्दै मौसमी तथा बेमौसमी तरकारी उत्पादनका लागि प्लास्टिक घर निर्माणमा अनुदान उपलब्ध गराइनेछ। हिउँदे र वर्षे बेमौसमी तरकारीको बीउबिजन किसानहरूलाई वितरण गरी उत्पादन बढाउन विशेष जोड दिइनेछ।



गोरख बहादुर चन्द
अध्यक्ष
पञ्चेश्वर गाउँपालिका

पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल

३. **पकेट क्षेत्र विकास, जलवायु अनुकूलन तथा बजार व्यवस्थापन:** किसानहरूलाई आत्मनिर्भर बनाउन अनुदानमा 'मौरी पकेट क्षेत्र' स्थापना गरिनेछ। साथै, सम्भाव्य क्षेत्रहरू पहिचान गरी हिउँदे र बर्षे फलफूल र उखु, टिमुर जस्ता नगदे बाली खेती गर्ने किसानलाई प्रोत्साहन स्वरुप अनुदान दिइनेछ। जलवायु परिवर्तन अनुकूलित जातहरूको खेती विस्तार, स्थानीय (रैथाने) बाली संरक्षण र वातावरणमैत्री प्राङ्गारिक खेती प्रणाली अवलम्बन गरिनेछ र उत्पादित कृषि उपजहरूको सहज बिक्री वितरणका लागि आवश्यक बजार व्यवस्थापन तथा सहजीकरणको कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ।

४. **पशुपक्षी स्वास्थ्य, नि:शुल्क उपचार तथा महामारी नियन्त्रण:** "स्वस्थ पशुधनः कृषकको खुसी मन" भन्ने मूल नारालाई आत्मसाथ गर्दै पशुपक्षीमा लाग्ने महामारी तथा संक्रामक रोगहरू नियन्त्रणका लागि वडागत रूपमा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालनलाई निरन्तरता दिइनेछ। पशुपक्षीको उपचारका लागि आवश्यक औषधि तथा बाख्रामा लाग्ने पी.पी.आर. (P.P.R.) रोग विरुद्धको खोप अभियान नि:शुल्क र प्रभावकारी रूपमा सञ्चालन गरी पशुधनको सुरक्षा सुनिश्चित गरिनेछ।

५. **आधुनिक पशुपालन र कृषक क्षमता अभिवृद्धि:** परम्परागत पशुपालनलाई आधुनिकीकरण र व्यावसायिकतातर्फ रूपान्तरण गर्न कृषकहरूको माग र आवश्यकताका आधारमा नवीन प्रविधि, पोषण तथा स्वास्थ्य सम्बन्धी क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ। रैथाने तथा उन्नत जातका पशुपक्षी पालनका लागि व्यावसायिक फार्म स्थापनामा प्रोत्साहन गरिनेछ।

६. **दुग्ध व्यवसाय प्रवर्द्धन, अनुदान तथा पशुपक्षी बिमा कार्यक्रम:** गाउँपालिकाभित्र दुध उत्पादन वृद्धि गरी बजारीकरण सुनिश्चित गर्न दुध संकलन तथा प्रशोधनका लागि डेरी सञ्चालन गर्न आवश्यक पूँजीगत तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ। साथै महामारी, भवितव्य वा अकाल मृत्यु/ अनिकालबाट हुन सक्ने आर्थिक जोखिमलाई न्यूनिकरण गरी कृषकको लगानी सुरक्षित गर्न र निर्धक्क भई व्यवसाय गर्ने वातावरण बनाउन व्यापक रूपमा पशुपंक्षी/कृषि वीमा कार्यक्रम लागू गरिनेछ।

**उद्योग, पर्यटन तथा सहकारी क्षेत्रको नीति तथा कार्यक्रम**

७. **परम्परागत पेशाको व्यवसायीकरण:** स्थानीय स्तरमा रहेका परम्परागत पेशा, कला र सीपमा आधारित व्यवसायहरूलाई आधुनिक घरेलु तथा साना उद्योगसँग आबद्ध गर्दै प्रविधि हस्तान्तरण, क्षमता अभिवृद्धि र बजारकीकरणमार्फत व्यवसायीकरण गरिनेछ । साथै यस क्षेत्रमा उत्पादित स्थानीय वस्तुहरुलाई प्रसोधन तथा बजारीकरण गर्न प्रोत्साहन गरिने छ ।

८. **धार्मिक पर्यटन तथा पूर्वाधार सञ्जाल:** यस क्षेत्रको ऐतिहासिक र धार्मिक महत्त्वलाई उजागर गर्न संघीय र प्रदेश सरकारसँगको समन्वय एवं सहकार्यमा देवताल–ग्वाल्लेक, कैलपाल धुरा–देवताल र पञ्चेश्वर–शिवनाथ क्षेत्रलाई समेटेर **'धार्मिक पर्यटकीय क्षेत्र'** घोषणा गर्न पहल गरिनेछ र यस क्षेत्रलाई एकीकृत धार्मिक पर्यटकीय करिडोरको रूपमा विकास गरिनेछ।



... बहादुर चन्द

पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल

९. **कला संस्कृतिको संरक्षण तथा प्रवद्धनः** यस गाउँपालिका अन्तर्गत परम्परागत रुपमा चलि आएका धार्मिक तथा सास्कृतिक सीप कलाको प्रवद्धन गरी छलिया भैन सगुन फाग हुड्केउली लगायतका अभ्यासहरुलाई जगेर्ना गरिनेछ ।

१०. **पञ्चेश्वर धाम प्रवर्द्धन र पहुँचः** सुदूरपश्चिमकै प्रसिद्ध धार्मिक स्थल पञ्चेश्वर धामको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यापक प्रचार-प्रसार गरिनेछ। साथै, उक्त पवित्र स्थलसम्म पर्यटक तथा श्रद्धालु भक्तजनहरूको सहज पहुँचका लागि सुरक्षित र बाह्रै महिना चल्ने सडक सञ्जालको स्तरोन्नति र विस्तार कार्यलाई प्राथमिकता दिइनेछ।

११. **सहकारी नियमन, उत्पादन र वित्तीय परिचालनः** गाउँपालिका क्षेत्रभित्र सञ्चालित सहकारी संस्थाहरू लगायत गरिवी निवारण कोषबाट सञ्चालित समूहहरुको आवश्यक नियमन, अनुगमन तथा संस्थागत क्षमता विकास गरी व्यवस्थित र पारदर्शी बनाइनेछ र बचत तथा ऋण एवं कृषि सहकारीहरूलाई सक्रिय बनाउँदै स्थानीय उत्पादन, उद्यमशीलता, कृषि तथा वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण (Remittance) लाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरिनेछ।

१२. **लघु उद्यमी पहिचान, क्षमता विकास र बजार व्यवस्थापनः** गाउँपालिकाभित्रका गरिब, विपन्न, एकल महिला, दलित, सीमान्तकृत वर्ग तथा रोजगारी गुमाएका युवाहरूको वस्तुनिष्ठ सर्वेक्षण गरी सम्भाव्य उद्यमीहरूको छनोट गरिनेछ र उनीहरूलाई उद्यमशीलता, प्राविधिक सीप, वित्तीय साक्षरता, व्यवसाय दर्तामा सहयोग एवं स्थानीय कच्चा पदार्थ र कृषि उपजमा आधारित वातावरणमैत्री प्रविधि हस्तान्तरण गरी नयाँ उद्यमी सिर्जना गरिनुका साथै उत्पादित वस्तुको गुणस्तर सुधार, लघुवित्तमा पहुँच र निरन्तर व्यावसायिक परामर्शमार्फत बजार व्यवस्थापन एवं उद्यमको दिगोपन सुनिश्चितताको लागी आवश्यक पहल गरिनेछ।

## सामाजिक विकास सम्बन्धी नीतिः

### शिक्षा युवा तथा खेलकुद विकासः

१३. अभिभावकहरुको सामुदायिक विद्यालयप्रतिको आकर्षण बढाउन सामुदायिक विद्यालय रुपान्तरण अभियान सञ्चालन सञ्चालन गरिनेछ । जस अन्तर्गत विभिन्न क्रियाकलापसहितको कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

१४. आ.व. २०८३।०८४ लाई तथ्याङ्क सत्यापन र डिजिटलाइजेशन वर्षका रुपमा घोषणा गरी IEMIS लगायतका शैक्षिक तथ्याङ्कहरु सत्यापनको अभियान सञ्चालन गरिनेछ।

१५. सामुदायिक विद्यालयमा सूचना प्रविधिमैत्री सिकाइ सहजीकरणमा जोड दिन डिजिटल पूर्वाधार विकासमा जोड दिइनेछ।

गोरख बहादुर चन्द
अध्यक्ष
पञ्चेश्वर गाउँपालिका

पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल

१६.सामुदायिक विद्यालयमा शिक्षक, विद्यार्थी सङ्ख्या र भौगोलिक दुरीका आधारमा शिक्षक दरबन्दी मिलान/ शिक्षक सरुवा, विद्यालय समायोजन र तह मिलानको कार्यलाई निरन्तरता दिइने छ ।

१७.शैक्षिक गुणस्तर अभिवृद्दि गर्न गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप, शिक्षक क्षमता विकास, शैक्षिक अन्तरक्रिया लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

१८.गाउँपालिका अनुदानका रुपमा विभिन्न शैक्षिक संस्थाहरुलाई प्रदान गरिने शिक्षक कर्मचारी पारिश्रमिक अनुदानलाई एकद्वार प्रणालीमार्फत निकासा दिने र समयसापेक्ष रुपमा वृद्दि गरी कार्यसम्पादनमा आधारित बनाइनेछ।

१९.शिक्षा समितिको तथा विषय विज्ञबाट विद्यालय अनुगमन सुपरिवेक्षणको कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

२०.खेल प्रतिभाहरुको पहिचान गर्न विद्यालयस्तरमा अतिरिक्त क्रियाकलापका रुपमा विद्यालयस्तरीय खेलकुद प्रतियोगिता र गाउँपालिकास्तरमा खेलकुदका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२१.प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्न शैक्षिक उपलब्धि तथा कार्यसम्पादनमा आधारित प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२२.विद्यालय दिवा खाजा कार्यक्रममा स्थानीय उत्पादनको उपयोगमा जोड दिइ स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजा कार्यक्रमका रुपमा विकास गरिनेछ।

**स्वास्थ्य, आयुर्वेद तथा पोषण:**

२३.**स्वास्थ्य पूर्वाधार, संस्थागत सुधार र गुणस्तर व्यवस्थापन:** गाउँपालिकामा निर्माणाधीन १० शैयाको अस्पतालको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ र स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई, आयुर्वेद केन्द्र, आँखा उपचार केन्द्र एवं बाह्य खोप केन्द्रहरूको भौतिक संरचना मर्मत, न्यूनतम सेवा मापदण्ड पालना र गुणस्तर सुधारका लागि आवश्यक बजेट, उपकरण, इन्टरनेट र जनशक्तिको व्यवस्थापन गरिनेछ; साथै स्वास्थ्य क्षेत्रलाई थप पारदर्शी र जवाफदेही बनाउन 'स्थानीय स्वास्थ्य तथा सरसफाइ कार्यविधि २०८३' प्रमाणित गरी लागू गरिनेछ र प्रत्येक स्वास्थ्य संस्थामा इ-हाजिरी, सिसिटिभी जडान तथा स्वास्थ्यजन्य फोहर व्यवस्थापनका लागि पालिका स्तरीय इन्सिनेटर स्थापना गरिनेछ।

२४.**आधारभूत, आकस्मिक तथा प्रविधिमैत्री स्वास्थ्य सेवा:** नागरिकहरूलाई सर्वसुलभ स्वास्थ्य सेवाको प्रत्याभूति गर्न सबै स्वास्थ्य संस्थाहरूबाट २४ घण्टा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ, न्यूनतम मूल्यमा औषधि उपलब्ध गराउन सुलभ फार्मेसी सञ्चालन गरिनेछ र सबै स्वास्थ्य संस्थामा निःशुल्क औषधिको उपलब्धता सुनिश्चित गरिनेछ; साथै एक्स-रे मेसिन र माईक्रोस्कोपी सेन्टरका लागि आवश्यक प्राविधिक जनशक्तिको व्यवस्थापन गरिनुका साथै 'स्मार्ट हेल्थ' (Smart Health) कार्यक्रम, डिजिटल स्वास्थ्य सूचना प्रणालीको सुदृढीकरण र नागरिक स्वास्थ्य प्रोफाइल कार्यक्रम सञ्चालन गरिनेछ।

गोरख बहादुर चन्द
अध्यक्ष
पञ्चेश्वर गाउँपालिका

पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल

२५.**सुरक्षित मातृत्व, प्रसूति सेवा र शून्य गृह प्रसूति (Zero Home Delivery) अभियान:** गाउँपालिकालाई शून्य गृह प्रसूति स्थानीय तह बनाउन ६ वटै वडाका स्वास्थ्य संस्थाहरूमा सुत्केरी कक्ष र आवास गृहको समुचित व्यवस्थापन गरी संस्थागत सुत्केरी सेवालाई प्रवर्द्धन गरिनेछ; साथै गर्भवती, सुत्केरी, ज्येष्ठ नागरिक र अति अशक्त नागरिकहरूका लागि निःशुल्क एम्बुलेन्स सेवा र आकस्मिक प्रसूति प्रेषण (Referral) सुविधा सुनिश्चित गर्न छुट्टै कोष खडा गरिनेछ र निःशुल्क भिडियो एक्स-रे, RUSG कार्यक्रमको निरन्तरता एवं समुदायमा आधारित नवजात शिशु सेवामार्फत मातृ तथा शिशु मृत्युदरमा व्यापक कमी ल्याइनेछ।

२६.**एकीकृत यौन, प्रजनन तथा किशोर-किशोरीमैत्री स्वास्थ्य सेवा:** बालविवाह न्यूनीकरण र प्रजनन स्वास्थ्य सुधारका लागि प्रत्येक स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरू परिचालन गरी सचेतना र सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ, युवा तथा किशोरीमैत्री स्वास्थ्य सेवालाई विद्यालय स्वास्थ्य कार्यक्रमसँग समायोजन गरी यसको नियमित अनुगमन 'उपाध्यक्ष महिला सशक्तीकरण कार्यक्रम' मार्फत गरिनेछ र सुरक्षित गर्भपतन सेवाको सुदृढीकरणका साथै एच.आई.भी. एड्स व्यवस्थापनका लागि ए.आर.टी. (ART) वितरण केन्द्र स्थापनाको लागि पहल गरिनेछ।

२७.**लक्षित वर्गको संवैधानिक अधिकार, विशेषज्ञ सेवा र दीर्घकालीन रोग नियन्त्रण:** महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, सीमान्तकृत, सहिद परिवार, द्वन्द्वपीडित र अपाङ्गता भएका व्यक्तिहरूको संवैधानिक स्वास्थ्य अधिकार प्रत्याभूत गरिनेछ र दुर्गम क्षेत्रहरूमा क्षयरोगमुक्त पालिका अभियान, लैङ्गिक हिंसा पीडितका लागि मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिनेछ; साथै पाठेघरको मुखको क्यान्सर, मधुमेह, उच्च रक्तचाप, मुटु रोग जस्ता नसर्ने एवं दीर्घकालीन रोगहरूको स्क्रिनिङ र उपचारका लागि पालिका स्तरीय आँखा, दाँत, प्रजनन स्वास्थ्य लगायतका विशेषज्ञ घुम्ती स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ।

२८.**महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन र अभिभावकत्व सुदृढीकरण:** सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूको प्रोत्साहन भत्तालाई निरन्तरता दिँदै मेडिक मोबाइल लगायतका कार्यक्रमलाई प्राथमिकता दिन मासिक रु. १००१ दरले सञ्चार खर्च उपलब्ध गराइनेछ र ६० वर्ष उमेर पुगेका वा कार्य गर्न अशक्त भएका स्वयंसेविकाहरूलाई उचित सम्मानसहित बिदा गर्ने व्यवस्था मिलाइनेछ; साथै ज्येष्ठ नागरिकका स्वास्थ्य सवालहरू र अखाद्य वस्तु, मदिरा तथा सुर्तीजन्य पदार्थको कडा नियमन एवं नियन्त्रणका गतिविधिहरू 'सरकार प्रमुखसँग अभिभावक कार्यक्रम' मार्फत सम्बोधन गर्दै 'स्वास्थ्य सबै नीतिहरूमा' भन्ने अवधारणालाई स्थानीय सामाजिक नीतिहरूमा मूलप्रवाहीकरण गरिनेछ।

२९.**बहुक्षेत्रीय पोषण सुनिश्चितता र प्रवर्द्धनात्मक कार्यक्रम:** आगामी ४ वर्षभित्र गाउँपालिकालाई पूर्ण पोषणयुक्त र पोषणमैत्री स्थानीय तह घोषणा गर्ने लक्ष्यका साथ सबै वडाहरूमा 'पोषण तथा खाद्य सुरक्षा समिति' लाई सकृय बनाउदै आवश्यक समपूरक कोषको व्यवस्था गरिनेछ र पोषण मैत्री स्वास्थ्य संस्था घोषणालाई निरन्तरता दिँदै प्रत्येक स्वास्थ्य संस्थामा पोषण गृह स्थापना गरिनेछ; यसका लागि महिला, किशोरी र बालबालिका लक्षित 'एक घर एक करेसाबारी' अभियान, पोषण नमुना टोल घोषणा र बाल पोषण अनुदान भत्ता पाउनका लागि बच्चा जन्मेको ३५ दिनभित्र जन्मदर्ता अनिवार्य गर्ने प्रणाली लागू गरी कुपोषण एवं पुड्कोपनको दरमा व्यापक कमी ल्याइनेछ।।



गोरख बहादुर चन्द
अध्यक्ष
गाउँपालिका

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण:**

३०.**महिला सशक्तिकरण, क्षमता विकास र उद्यमशीलता प्रवर्द्धन:** महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सशक्तिकरणका लागि उद्यमशीलता विकास, नेतृत्व क्षमता अभिवृद्धि तथा सीपमूलक तालिम सञ्चालन गरिनेछ र महिलाहरूको कार्यबोझ घटाउनुका साथै वन वातावरण संरक्षण गर्न धुवाँरहित सुधारिएको चुलो कार्यक्रम सञ्चालनका लागि सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूसँग आवश्यक साझेदारी गरिनेछ।

३१.**लैङ्गिक हिंसा न्यूनीकरण र सुरक्षा सञ्जाल:** लैङ्गिक हिंसामा शून्य सहनशीलता अपनाउँदै 'लैङ्गिक हिंसा निवारण कोष' स्थापना गरिनेछ; एकल, विपन्न तथा जोखिममा रहेका महिला एवं किशोरीहरू विरुद्ध हुने सबै प्रकारका हिंसा र शोषण अन्त्यका लागि सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनुका साथै हिंसा पीडित महिला तथा बालबालिकाहरूको खोज, उद्धार, सीप विकास र आयआर्जनका कार्यक्रममा सहभागिता सुनिश्चित गर्दै आर्थिक सहायता प्रदान गरिने छ र महिला अधिकार सुनिश्चित गर्न प्रत्येक वडामा 'महिला सुरक्षा समूह' गठन गरी आत्मरक्षा सम्बन्धी तालिम प्रदान गरिनेछ।

३२.**बालअधिकार संरक्षण, बालमैत्री शासन र सचेतना अभियान:** बालअधिकारको संरक्षण र बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि बाल अधिकार समिति, बाल क्लब तथा बाल सञ्जालहरूलाई सक्रिय बनाइनेछ र गाउँपालिका क्षेत्रभित्र बालविवाह, बालश्रम र बालहिंसा न्यूनीकरणका लागि व्यापक सचेतनामूलक अभियान सञ्चालन गरिनुका साथै सार्वजनिक स्थलहरूमा यस सम्बन्धी होर्डिङ्ग बोर्डहरू राखिनेछ।

३३.**अनाथ तथा संरक्षणविहीन बालबालिकाको सामाजिक सुरक्षा:** गाउँपालिका क्षेत्रभित्र रहेका अनाथ, असहाय, टुहुरा, हिंसापीडित र अभिभावकविहीन बालबालिकाहरूको शिक्षा र स्वास्थ्यको पूर्ण रूपमा ग्यारेन्टी गर्दै आवश्यक आर्थिक सहयोग उपलब्ध गराइनेछ र उनीहरूको सामाजिक सुरक्षाका लागि 'बाल संरक्षण कोष' स्थापना र प्रभावकारी परिचालन गरिनेछ।

३४.**अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र सहायता व्यवस्थापन:** गाउँपालिकाभित्रका पूर्ण अपाङ्गता भएका व्यक्तिहरूको यथार्थ तथ्याङ्क (डाटा) सङ्कलन गरी सहायक सामग्री तथा आर्थिक सहायता वितरण गरिनेछ; साथै अपाङ्गता परीक्षण शिविर सञ्चालन, परिचयपत्र वितरण एवं सीपमूलक तालिममार्फत सार्वजनिक सेवामा उनीहरूको पहुँच वृद्धि गरिनेछ।

३५.**ज्येष्ठ नागरिक सम्मान र सहाराविहीन प्रोत्साहन कार्यक्रम:** ज्येष्ठ नागरिकहरूको सामाजिक सहभागिता वृद्धि गर्न ज्येष्ठ नागरिक परिचयपत्र वितरण र ज्येष्ठ नागरिकमैत्री सेवा प्रवाह गरिनेछ र आगामी आर्थिक वर्ष २०८३/०८४ देखि साहाराविहीन ज्येष्ठ नागरिकहरूका लागि सम्मानका कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ।

३६.**दलित, सीमान्तकृत उत्थान र भूमिहीनहरूको अधिकार सुनिश्चितता:** दलित बालबालिकाहरूको शिक्षाको अधिकार सुनिश्चित गर्न व्यावसायिक, प्राविधिक तथा उच्च शिक्षाका लागि विशेष छात्रवृत्तिको व्यवस्था गरिनेछ; साथै आगामी आर्थिक वर्षमा विद्युत सेवा विस्तार हुने वडाहरूका विपन्न दलित परिवारहरूलाई विद्युत मिटर उपलब्ध गराइनेछ र भूमिहीन तथा अव्यवस्थित बसोबासी दलित घरपरिवारहरूलाई जग्गाधनी लालपुर्जा उपलब्ध गराउन आवश्यक कानुनी एवं प्रक्रियागत व्यवस्था मिलाइनेछ।

पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल

३७.**किशोरकिशोरी विकास, समावेशी आयआर्जन र लैङ्गिक उत्तरदायी बजेट:** सीमान्तकृत समुदाय, एचआईभी सङ्क्रमित र पिछडिएका वर्गको समावेशी सहभागिता सुनिश्चित गर्दै जातीय छुवाछुत लगायतका सबै खाले विभेद अन्त्यका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ र किशोरकिशोरीहरूको सकारात्मक सोच, नेतृत्व विकास, लागुपदार्थ दुर्व्यसनी र मानव बेचबिखन विरुद्ध पालिकाव्यापी अभियान चलाउँदै स्थानीय योजना निर्माण प्रक्रियामा 'लैङ्गिक उत्तरदायी बजेट कोडिङ' र बजेट परीक्षण प्रणालीलाई संस्थागत गरिनेछ।।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण:**

३८.**प्रविधिमैत्री घटना दर्ता, राष्ट्रिय परिचयपत्र र क्षमता विकास:** राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको निर्देशन अनुसार जन्म, मृत्यु, विवाह, बसाईँसराइ र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू समयमै अनलाइन प्रणाली (Online MIS/VERSP-MIS) मार्फत दर्ता गरिनेछ; साथै बाल र अति अशक्त बाहेकका लाभग्राहीका लागि राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य भइसकेकाले वडाका कर्मचारीहरूका लागि प्रणाली सम्बन्धी आवश्यक तालिम, अभिमुखीकरण तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३९.**सामाजिक सुरक्षा भत्ता व्यवस्थापन, आइरिस स्क्यानर र बैङ्किङ सहकार्य:** सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई पारदर्शी, झन्झटरहित र प्रविधिमैत्री बनाउन विभागको मापदण्ड (Specification) बमोजिम सवै वडामा आइरिस स्क्यानर (IRIS Scanner Device) खरिद गरी जडान गरिनेछ; साथै लाभग्राहीहरूको डिजिटल अभिलेख अद्यावधिक गर्दै ज्येष्ठ नागरिक तथा अशक्तहरूलाई सहज रूपमा भत्ता उपलब्ध गराउन नबिल बैंकसँग आवश्यक सहकार्य, समन्वय र बैङ्किङ प्रणालीको सुदृढीकरण गरिनेछ।

४०.**जेष्ठ नागरिक सम्मान र पञ्जीकरण कर्मचारी व्यवस्थापन:** गाउँपालिकाभित्र रहेका ८५ वर्ष पूरा गरेका ज्येष्ठ नागरिकहरूको सम्मानका लागि विशेष आदर-सत्कार कार्यक्रम सञ्चालन गरिनेछ; साथै पञ्जीकरण शाखाको सेवा प्रवाहलाई निरन्तरता दिन यस एकाइमा कार्यरत २ जना कर्मचारीहरू (एम.आइ.एस. अपरेटर र फिल्ड सहायक) को आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ६ महिना बराबरको तलब-भत्ता बेहोर्ने पालिकाको प्रतिबद्धतालाई निरन्तरता दिइनेछ।

## पूर्वाधार विकास सम्बन्धी नीति:

**भौतिक पूर्वाधार:**

४१.**जलवायु अनुकूलन पूर्वाधार र साझेदारी समपूरक कोष:** सङ्घीय र प्रदेश सरकारका पूर्वाधार आयोजनाहरू तथा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACCP) मार्फत गाउँपालिकामा सञ्चालन हुने विपद् जोखिम संवेदनशील, जलवायु अनुकूलित र हरित पूर्वाधार निर्माणका लागि साझेदारी गर्न आवश्यक समपूरक कोष (Matching Fund) को व्यवस्था मिलाइनेछ र गत तथा विगतका वर्षहरूमा अधुरा रहेका योजनाहरूलाई सम्पन्न गर्न यसै चालू आर्थिक वर्षमा बजेट विनियोजन गरी प्राथमिकताका साथ सम्पन्न गरिनेछ।

४२.**बाह्रै महिना चल्ने सडक, ड्रेन व्यवस्थापन र जैविक प्रविधि:** गाउँपालिकाका ६ वटै वडाहरूको वडा केन्द्रमा बाह्रै महिना सवारी साधन सहज रूपमा आवागमन गर्न रणनीतिक ग्रामीण सडकहरूको मर्मत-सम्भार, स्तरोन्नति र कालोपत्रे गर्ने कार्यलाई तीव्रता दिइनेछ, बहुचर्चित पाटन–पञ्चेश्वर सडकलाई यसै आर्थिक



गोरख बहादुर चन्द
अध्यक्ष
गाउँपालिका

पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल

वर्षभित्र परियोजना स्थलसम्म पुऱ्याइनेछ र निर्मित सडकहरूलाई दिगो बनाउन नाली तथा भलहरूको उचित व्यवस्थापन गर्दै जैविक प्रविधियुक्त (Bio-engineering) पहिरो नियन्त्रण एवं पुलहरूको निर्माण गरिनेछ।

४३. **वातावरणमैत्री सडक, हरियाली प्रवर्द्धन र मर्मत-सम्भार कोष:** गाउँपालिका भित्रका सबै सडकहरूलाई वातावरणमैत्री बनाउन सडकको दायाँ-बायाँ व्यापक वृक्षारोपण गरिनेछ, जसका लागि आवश्यक पर्ने फलफूल, बाँस, निङ्गालो आदिका बिरुवाहरू निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइनेछ र निर्मित सार्वजनिक आयोजनाहरूको दीर्घकालीन रेखदेख, नियमित मर्मत-सम्भार तथा दिगोपनका लागि 'मर्मत-सम्भार कोष' लाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

४४. **भवन सुदृढीकरण, विद्युतीय घरनक्सा र नवीकरणीय ऊर्जा विस्तार:** गाउँपालिकाको निर्माणाधीन आधुनिक प्रशासकीय भवन र बाँकी रहेका सम्पूर्ण वडा कार्यालय तथा स्वास्थ्य चौकी भवनहरूको निर्माण कार्य यसै आर्थिक वर्षभित्र गुणस्तरीय रूपमा सम्पन्न गरी सेवा प्रवाहलाई सहज बनाइनेछ, भवन निर्माणलाई व्यवस्थित गर्न विद्युतीय घरनक्सा प्रणाली (EBPS) पूर्ण रूपमा लागू गरिनेछ र "उज्यालो पञ्चेश्वर" अभियान अन्तर्गत सबै वडाहरूमा विद्युतीकरण सुनिश्चित गर्दै सार्वजनिक स्थलहरूमा सौर्य ऊर्जा, सडक बत्ती तथा चट्याङ सुरक्षा प्रणाली (Earthing) जडान गरिनेछ।

४५. **स्मार्ट सिँचाइ, "एक घर, एक धारा" र डिजिटल शासन:** "एक घर, एक धारा" र WASH अभियान अन्तर्गत बाल तथा अपाङ्गमैत्री सरसफाइ संरचना निर्माण गरिनेछ, कृषिको उत्पादकत्व बढाउन लिफ्ट तथा गुरुत्व बलमा आधारित बहुउपयोगी सिँचाइ प्रणाली विस्तार गरिनेछ र गाउँपालिकाका सेवाहरूलाई अनलाइन सेवा एवं e-Project Monitoring मार्फत प्रविधिमैत्री बनाउँदै बाढी-पहिरो नियन्त्रणका लागि नदी तटबन्ध र पूर्वसूचना प्रणाली (Early Warning System) को संस्थागत विकास गरिनेछ।

**उर्जा, जलविद्युत तथा सञ्चार:**

४६. **पूर्ण विद्युतीकरण र उज्यालो गाउँपालिका:** आगामी एक वर्षभित्र पञ्चेश्वर गाउँपालिकाका सबै वडाहरूमा विद्युतको राष्ट्रिय प्रसारण लाइन विस्तार गरिनेछ ।

४७. **सञ्चार पूर्वाधार र द्रुत गतिको इन्टरनेट विस्तार:** आगामी एक वर्षभित्र गाउँपालिका अन्तर्गतका सबै वडाहरूमा उच्च गतिको ४जी (4G) नेटवर्कको उपलब्धताका लागि प्रभावकारी पहल गरिनेछ र पालिकाभित्र सन्चालित सबै सार्वजनिक तथा शैक्षिक संस्थाहरूमा द्रुत गतिको इन्टरनेट सेवा उपलब्ध गराई सेवा प्रवाहलाई प्रविधिमैत्री बनाइनेछ।

४८. **वितरण प्रणाली सुदृढीकरण, चट्याङ नियन्त्रण र ऊर्जा नीति:** विद्युत सेवालाई नियमित र व्यवस्थित बनाउन गाउँपालिकामा विद्युत सबस्टेशन स्थापनाका लागि पहल गरिनेछ; साथै चट्याङको जोखिम न्यूनीकरण गरी नागरिकको जिउज्यान रक्षा गर्न सार्वजनिक स्थलहरूमा अर्थिङ (Earthing) को व्यवस्था गरिनेछ र समग्र ऊर्जा क्षेत्रको नियमनका लागि 'ऊर्जा नीति' तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

**राष्ट्रिय रोजगार कार्यक्रम**

गोरख बहादुर चन्द
अध्यक्ष
पञ्चेश्वर गाउँपालिका

पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आस्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल

४९.**एकीकृत रोजगार सेवा, श्रम बैङ्क र संस्थागत सुदृढीकरणः** 'एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०' को प्रभावकारी कार्यान्वयनका लागि रोजगार सेवा केन्द्रलाई आन्तरिकीकरण गर्दै गाउँपालिका भित्रका सीप विकास, उद्यमशीलता र रोजगार सम्बन्धी सेवाहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ; साथै श्रमिक प्रोफाइलसहितको 'श्रम बैङ्क' स्थापना गरिनेछ।

५०.**आन्तरिक रोजगार प्रवर्द्धन, न्यूनतम रोजगारी र बहुक्षेत्रीय समन्वयः** "श्रमको सम्मान राष्ट्रको अभियान" तथा नेपाल सरकारको 'आन्तरिक रोजगार प्रवर्द्धन दशक अभियान' लाई स्थानीयकरण गर्दै 'कामका लागि पारिश्रमिक' आयोजना मार्फत न्यून आय भएका अदक्ष सूचीकृत बेरोजगार व्यक्तिहरूलाई न्यूनतम रोजगारीको प्रत्याभूति गरिनेछ; यसका लागि व्यावसायिक कृषि, सिँचाइ, वन, पर्यटन र यातायात पूर्वाधार जस्ता सार्वजनिक निर्माणका क्षेत्रहरूमा निजी, सहकारी र गैरसरकारी क्षेत्रसँग समन्वय गरी थप आन्तरिक रोजगारीका अवसरहरू सिर्जना गरिनेछ।

५१.**सुरक्षित वैदेशिक रोजगार, परामर्श र पुनःएकीकरण सहजीकरणः** वैदेशिक रोजगारीमा जानु पूर्व आवश्यक परामर्श, अभिमुखीकरण, सूचना सम्प्रेषण, श्रम स्वीकृति एवं कानुनी र मनोसामाजिक परामर्श सेवालाई प्रभावकारी बनाइनेछ; साथै वैदेशिक रोजगार बोर्डको सचिवालय तथा कल्याणकारी कोषबाट प्राप्त हुने सहायता एवं सेवाहरू लक्षित वर्गलाई सहजै उपलब्ध गराउन रोजगार सेवा केन्द्रमार्फत सहजीकरण गरिनुका साथै वैदेशिक रोजगारबाट फर्किएका नागरिकहरूका लागि पुनःएकीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## खानेपानी, सरसफाइ, वन, वातावरण, विपद् व्यवस्थापन तथा भु उपयोग

५२.**जल पुनर्भरण, स्रोत संरक्षण तथा विशेष बजेट परिचालनः** आगामी आर्थिक वर्षमा रु. १ करोड ५० लाख विनियोजन गरिएको 'जल पुनर्भरण तथा स्रोत संरक्षण आयोजना' लाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ; यस अन्तर्गत र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACC) मार्फत समुदायको समान सहभागितामा खोला-खोल्सी, पोखरी, मुहान, कुवा र नौला जस्ता प्राकृतिक पानीका स्रोतहरूको संरक्षण, संवर्द्धन र व्यवस्थापन गरिनुका साथै नागरिकको स्वच्छ खानेपानी र सिँचाइमा पहुँच पुऱ्याउन जलवायु उत्थानशील खानेपानी, सरसफाइ (WASH) र बहुउपयोगी जल पूर्वाधार निर्माण तथा सेवा सुधारका कार्यहरूलाई एकीकृत रूपमा अगाडि बढाइनेछ।

५३.**जलवायु-स्मार्ट कृषि, वन व्यवस्थापन तथा वातावरण संरक्षणः** जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACC) मार्फत गाउँपालिका भित्र रहेका सामुदायिक, कबुलियती तथा निजी वन क्षेत्रभित्र कृषि-वन प्रणाली, प्राकृतिक स्रोतहरूको दिगो उपयोग लगायत वातावरण संरक्षणका कार्यक्रमहरू अगाडि

बढाइनेछ; यस अन्तर्गत जलवायु उत्थानशील कृषि, जलवायु उत्थानशील सिँचाइ योजना, सुधारिएको चुलो र सुधारिएको घट्ट जस्ता वातावरणमैत्री प्रविधिहरूको कार्यान्वयन गरी स्थानीय पर्यावरण संरक्षण गरिनेछ।

५४.**संस्थागत क्षमता विकास, ज्ञान साझेदारी र समावेशी सुशासन:** गाउँपालिकाको संस्थागत क्षमता सुदृढीकरणका लागि निजी क्षेत्र, सहकारी, कृषि तथा सामुदायिक वन उपभोक्ता समूह, नागरिक समाज र खानेपानी तथा सिँचाइ उपभोक्ता समितिहरू जस्ता सरोकारवाला पक्षहरूसँग कुशल ज्ञान साझेदारी गरिनेछ र यस्ता लक्षित समूहहरूको क्षमता विकास र सशक्तिकरण गर्दै स्थानीय विकास प्रक्रियामा समावेशी सुशासन कायम गरिनेछ।

५५.**विपद् व्यवस्थापन कोष, पूर्वतयारी नीति तथा प्रविधिमैत्री सूचना प्रणाली:** भविष्यमा आइपर्ने बाढी, पहिरो, आगलागी र वन डढेलो जस्ता प्राकृतिक तथा गैर-प्राकृतिक विपदहरूको प्रभावकारी व्यवस्थापनका लागि 'विपद् व्यवस्थापन कोष' खडा गरी सञ्चालन गरिनेछ, विपदबाट हुने जनधनको क्षति न्यूनीकरणका लागि पूर्वतयारी सम्बन्धी ठोस नीति अवलम्बन गरिनेछ र पालिकाभित्र विपद् जोखिमको वैज्ञानिक सर्वेक्षण गरी विपद् पोर्टलमा प्रविष्टि (Entry) गर्नुका साथै सूचना प्रविधिको प्रयोगमार्फत पूर्वचेतावनीका लागि एक व्यवस्थित 'आपतकालीन सूचना केन्द्र' स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

५६.**एक द्वार विपद् व्यवस्थापन, हरित कार्यालय र वातावरणीय संवेदनशीलता (EMP):** विपद्को समयमा तत्काल राहत, उद्धार र पुनःस्थापना कार्यलाई व्यवस्थित र पारदर्शी बनाउन 'एक द्वार विपद् व्यवस्थापन प्रणाली' को विकास गरी आपतकालीन कार्यसञ्चालनलाई सक्रिय बनाइनेछ; साथै सार्वजनिक कार्यालयहरूमा हरियाली प्रवर्द्धन गर्न "एक कर्मचारी, एक रुख" को नीति र शीतल चौतारी निर्माणको अवधारणालाई मूर्त रूप दिइनेछ भने विकास पूर्वाधार निर्माण गर्दा दिगो विकासका लागि वातावरणीय व्यवस्थापन योजना (Environment Management Plan - EMP) बनाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ।

५७.**एकीकृत फोहोरमैला, भू-उपयोग, जग्गा संरक्षण र मुक्त हलिया नीति:** कुहिने र नकुहिने फोहोरको एकीकृत व्यवस्थापनका लागि विसर्जन केन्द्र (डम्पिङ साइट) र सार्वजनिक शौचालयहरू निर्माण गरिनेछ, नदी कटान तथा पहिरो नियन्त्रणका लागि सङ्घीय र प्रदेश सरकारसँग समन्वय गरी नदी तटबन्ध, रिचार्ज पोखरी निर्माण, वृक्षारोपण र तारजाली लगाइनेछ; साथै गाउँपालिकाको भू-उपयोग योजना बमोजिम जग्गाधनी दर्ता प्रमाणपुर्जा अद्यावधिक गरी सरकारी, सार्वजनिक र गुठी जग्गाको संरक्षण गरिनेछ र राष्ट्रिय मुक्त हलिया नीति बमोजिम गाउँपालिकामा 'मुक्त हलिया नीति' तयार गरी भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी लालपुर्जा उपलब्ध गराउने कार्य आगामी आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ।

न्यायिक समिति:

५८.**न्यायिक पहुँच, स्थानीय मेलमिलाप र क्षमता अभिवृद्धि:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नागरिकको न्यायमा सहज पहुँच सुनिश्चित गर्न न्यायिक समितिको सेवालाई वडा तहसम्म विस्तार गरिनेछ; विवाद समाधानमा अदालतभन्दा मेलमिलाप संस्कृतिलाई प्राथमिकता दिँदै चालू आर्थिक वर्षभित्र मेलमिलाप समिति गठन तथा मेलमिलापकर्ताहरू र न्यायिक समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालिम तथा गोष्ठीहरू सञ्चालन गरिनेछ।

५९.**डिजिटल न्याय सम्पादन, सचेतना र हिंसा पीडित राहत:** न्यायिक समितिका निर्णयहरू, सूचना जानकारी र तारिख तामेली प्रक्रियालाई पारदर्शी एवं सहज बनाउन डिजिटल सफ्टवेयर खरिद गरी लागू गरिनेछ भने कानुनी सचेतनाका लागि 'जनतासँग न्यायिक समिति कार्यक्रम' सञ्चालन गर्दै हिंसामा परेका महिलाहरूको कानुनी प्रतिरक्षा र संरक्षणका लागि विशेष आर्थिक सहायताको व्यवस्था मिलाइनेछ।

६०.**स्थानीय कानुन तर्जुमा, समावेशी न्याय र समुदाय-प्रहरी साझेदारी:** स्वीकृत नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने नयाँ कानुनहरूको निर्माण तथा विद्यमान कानुनहरूको समयानुकूल परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइनेछ; न्यायिक प्रक्रियालाई पारदर्शी र प्रविधिमैत्री बनाउँदै उजुरी दर्ता, सुनुवाइ र निर्णयको व्यवस्थित अभिलेखीकरण गरिनेछ र "न्यायिक समिति र प्रहरी साझेदारी: समुदाय न्यायिक जागरण कार्यक्रम" मार्फत स्थानीय स्तरमा कानुनी साक्षरता र नागरिक सशक्तीकरण सुनिश्चित गरिनेछ।

संस्थागत विकास,सेवा प्रवाह र सुशासन:

६१.**नतिजामुखी कार्यसम्पादन, करार व्यवस्थापन र प्रशासनिक चुस्तता:** जनशक्ति परिचालनलाई प्रभावकारी बनाउन कर्मचारीहरूको स्पष्ट कार्यविवरण (Job Description) तोकी कार्यसम्पादन सम्झौता गराइनेछ र करारमा कार्यरत कर्मचारीहरूको म्याद थप कार्यसम्पादन मूल्याङ्कनको वस्तुनिष्ठ आधारमा मात्र गरिनेछ; साथै प्रशासनिक खर्च घटाउन र कार्यसम्पादनमा चुस्तता ल्याउन औचित्यहीन एवं अनावश्यक शाखाहरू खारेज गरिनेछ भने उत्कृष्ट कार्य गर्ने राष्ट्रसेवकहरूलाई थप सेवा-सुविधा तथा प्रोत्साहनको व्यवस्था मिलाइनेछ।

६२.**कर्मचारी क्षमता विकास, प्राविधिक तालिम र निर्माण गुणस्तर:** गाउँपालिकामा कार्यरत प्राविधिक तथा प्रशासनिक कर्मचारीहरूको कार्यक्षमता वृद्धिका लागि समयानुकूल नविनतम प्रविधि तथा कानुन सम्बन्धी तालिमको व्यवस्था गरिनेछ; साथै विकास निर्माणका योजनाहरूलाई दिगो र गुणस्तरीय बनाउन स्थानीय मिस्त्रीहरूका लागि प्राविधिक तालिम सञ्चालन गरी प्रमाणपत्र उपलब्ध गराइनेछ र उपभोक्ता

समितिका पदाधिकारीहरूलाई योजनाको गुणस्तर सुधार तथा आर्थिक अनुशासन सम्बन्धी अभिमुखीकरण प्रदान गरिनेछ।

६३.**नागरिकमैत्री सुशासन, 'मुस्कान सहितको सेवा' र डिजिटल वडापत्र:** सार्वजनिक सेवा प्रवाहलाई सरल, निष्पक्ष र मर्यादित बनाउन "First Come, First Service" को सिद्धान्त र विनम्र व्यवहार सहितको "मुस्कान सहितको सेवा प्रवाह" लाई अनिवार्य रूपमा लागू गरिनेछ; साथै अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र महिलामैत्री सेवा प्रवाह सुनिश्चित गर्न स्पष्ट जानकारी सहितको भौतिक तथा डिजिटल "नागरिक वडापत्र" को प्रभावकारी कार्यान्वयन र गुनासो सुनुवाइ प्रणालीलाई सुदृढ गरिनेछ।

६४.**डिजिटल गभर्नेन्स र एकीकृत सफ्टवेयर प्रणाली:** कागजी कार्यलाई न्यूनीकरण गर्दै ई-गभर्नेन्स, अनलाइन फाइल ट्र्याकिङ र डिजिटल अभिलेख व्यवस्थापन प्रणाली लागू गरिनेछ; यसका लागि कार्यालयका सम्पूर्ण शाखाहरूको कार्यलाई अन्तर-आबद्ध गर्न र प्रशासनिक निर्णय तथा वित्तीय प्रतिवेदनहरूलाई समय-समयमा परिमार्जन गर्दै लैजान एक 'एकीकृत सफ्टवेयर प्रणाली' को प्रयोग र संस्थागत विकास गरिनेछ।

६५.**सञ्चार, प्रविधि विस्तार र सुरक्षण:** गाउँपालिकाका कार्यालयहरूमा गुणस्तरीय इन्टरनेट, फाइबर नेटवर्क, सार्वजनिक Wi-Fi हब तथा डिजिटल सुरक्षाका लागि सार्वजनिक स्थलहरूमा सिसिटिभि (CCTV) क्यामेरा जडान गरिनेछ; साथै स्थानीय सञ्चार माध्यमहरूको प्रवर्द्धनका लागि आवश्यक कानुन बनाई कार्यान्वयन गरिनेछ।

६६.**डिजिटल सुशासन र सूचनाको पहुँच:** डिजिटल नोटिस बोर्ड, नागरिक वडापत्र, सामाजिक सञ्जाल र वेबसाइटको नियमित अपडेटमार्फत गाउँपालिकाका गतिविधि र सूचनाहरू जनतासम्म छिटो-छरितो पुऱ्याइनेछ; साथै एकीकृत सफ्टवेयर प्रणालीको प्रयोग र सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम उपयोग गरी पारदर्शिता, जवाफदेहिता र प्रभावकारिता सुनिश्चित गरिनेछ।

६७.**भ्रष्टाचार नियन्त्रण, वित्तीय जवाफदेहिता र बेरुजु फछ्र्यौट:** गाउँपालिकाका हरेक गतिविधिमा आर्थिक अनुशासन कायम गर्दै भ्रष्टाचार र अनियमित कार्यलाई कडाइका साथ नियन्त्रण गरी पारदर्शी र जवाफदेही प्रणालीलाई सुदृढ तुल्याइनेछ; यसका लागि महालेखा परीक्षकको कार्यालयले औंल्याएका बेरुजुहरूको समयमै सम्परीक्षण तथा फछ्र्यौट गरिनेछ र मासिक, चौमासिक र वार्षिक वित्तीय विवरणहरू वेबसाइट तथा स्थानीय सञ्चार माध्यमहरूबाट अनिवार्य सार्वजनिक गरिनेछ।

६८.**पारदर्शी खरिद प्रणाली र टेण्डर व्यवस्थापन:** सार्वजनिक खर्चमा उच्च मितव्ययिता कायम गर्न वार्षिक खरिद योजना निर्माण गरी सार्वजनिक खरिद प्रक्रियालाई व्यवस्थित र खुला प्रतिस्पर्धात्मक बनाइनेछ; प्रतिस्पर्धा सीमित हुने गरी गरिने टुक्रे खरिदको परिपाटीलाई पूर्ण रूपमा निरुत्साहित गर्दै पारदर्शिता सुनिश्चित गर्न रु. १० लाख भन्दा माथिका सम्पूर्ण योजना तथा कार्यक्रमहरू अनिवार्य रूपमा विद्युतिय खरिद प्रणाली मार्फत मात्र सञ्चालन गरिनेछ।

पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी
सुदुरपश्चिम प्रदेश नेपाल

६९.**नतिजामुखी आयोजना अनुगमन, सार्वजनिक परीक्षण र समीक्षा:** योजना/आयोजनाहरूको गुणस्तर सुनिश्चित गर्न प्रारम्भिक, मध्यावधि र अन्तिम अनुगमनलाई अनिवार्य बनाउँदै सूचना प्रविधिमा आधारित (IT-based) नतिजामुखी अनुगमन प्रणालीको विकास गरिनेछ; योजना प्रक्रियामा स्थानीय नागरिक र उपभोक्ता समितिको सहभागिता बढाउँदै नियमानुसार सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण र सामाजिक परीक्षण गर्ने कार्यलाई अनिवार्य गरी चौमासिक र वार्षिक रूपमा समीक्षा प्रतिवेदन सार्वजनिक गरिनेछ।

७०.**राजश्वको दायरा विस्तार र व्यवसाय दर्ता अभियान:** गाउँपालिकाको आन्तरिक राजस्व वृद्धि गर्न करका सम्भाव्य क्षेत्रहरू पहिचान गरी आवश्यक कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ; यस अन्तर्गत घरबहाल, व्यवसाय, सम्पत्ति, विज्ञापन कर तथा प्राकृतिक स्रोत र सार्वजनिक सम्पत्तिको उपयोगलाई नियमन गरिनेछ भने गाउँपालिका भित्र सञ्चालित साना तथा ठूला प्रकृतिका सम्पूर्ण व्यवसायहरूलाई अनिवार्य रूपमा दर्ता गराउन विशेष 'व्यवसाय दर्ता अभियान' सञ्चालन गरिनेछ।

७१.**डिजिटल राजश्व सङ्कलन, करदाता शिक्षा र प्रोत्साहन पुरस्कार:** करदातामैत्री नीति अवलम्बन गर्दै डिजिटल माध्यमबाट कर भुक्तानी (E-Payment) गर्ने व्यवस्थालाई पालिकाभर विस्तार गरिनेछ; राजस्व चुहावट नियन्त्रणका लागि नियमित बजार अनुगमन गरिनेछ र सम्पूर्ण व्यवसायी, उद्योगी तथा नागरिकका लागि कर शिक्षा सञ्चालन गर्दै निरन्तर र नियमित रूपमा राजस्व बुझाउने उत्कृष्ट व्यवसायीहरूलाई विशेष पुरस्कार तथा छुटको व्यवस्था मिलाइनेछ।

७२.**जिन्सी व्यवस्थापन र समयबद्ध निरीक्षण:** कार्यालयको जिन्सी सामानहरूको अभिलेखलाई सूचना प्रविधिमा आबद्ध गरी थप व्यवस्थित बनाइनेछ; सरकारी सम्पत्तिको उचित व्यवस्थापनका लागि समयमै जिन्सी निरीक्षण गराई आवश्यकताको आधारमा नियमित मर्मत-सम्भार गर्ने तथा काम नलाग्ने पुराना सामानहरूको नियमानुसार लिलामी प्रक्रिया अघि बढाइनेछ।

७३.**सामाजिक रूपान्तरण, सकारात्मक सोच र कुरीति न्यूनीकरण:** गाउँपालिकाका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी र स्थानीय नागरिकहरूमा चौतर्फी विकासप्रति ऊर्जा भर्न यसै वर्षदेखि विभिन्न क्षेत्रमा 'सकारात्मक सोच सम्बन्धी अभिमुखीकरण' कार्यक्रमहरू सञ्चालन गरिनेछ; साथै गाउँपालिका क्षेत्र भित्र परापूर्व कालदेखि जरा गाडेर रहेको रुढीवादी परम्परा र सामाजिक कुरीतिहरूलाई पूर्ण रूपमा हटाउन स्थानीय धामी-झाँक्री र सरोकारवालाहरूसँग विशेष अन्तर्क्रिया तथा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

अन्त्यमा, नेपालको संविधानले तीन तहको राज्य संरचनालाई आत्मसात गरि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, शुसासन, विकास र सम्वृद्धिको आकांक्षा पुरा गर्ने लक्ष्य लिएको छ । जनताको नजिकको सरकारको हिसावले जनताका अधिकतम समस्याको हल स्थानीय सरकारले गर्नु पर्ने र सीमित स्रोत, साधन एवं कमजोर आन्तरिक आयको कारण आम जनताको आकांक्षा अनुरुप एवं हामीले सोचेको आर्थिक, सामाजिक विकास र सम्वृद्धिको लक्ष्य प्राप्त गर्न सकिएको छैन तथापी यो

पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आस्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल

नीति तथा कार्यक्रममा समाबेश हुन नसकेका कार्यक्रमहरु आगामी आर्थिक वर्षमा समावेश गरिदै लगिने छ र निर्दिष्ट निति तथा कार्यक्रम बमोजिम बजेट तर्जुमा गरिनेछ । सीमित स्रोत र साधनबाट दीगो विकास, समृद्धि र सुशासनको आकांक्षा परिपुर्तिको लागि नै जनताले हामीलाइ यो युगिन जिम्मेवारी सुम्पिएकोले- यो नीति तथा कार्यक्रम अनुमोदनको लागि यो सम्मानित सभा समक्ष पेश गर्दछु

२०८३/०३/१०

गोरख बहादुर चन्द
अध्यक्ष
पञ्चेश्वर गाउँपालिका

बिना भट्ट
उपाध्यक्ष
पञ्चेश्वर गाउँपालिका